# अर्थ बुलेटिन

वर्ष ३ अंक १०

वैशाख, २०७९


## नेपाल सरकार
## अर्थ मन्त्रालय



### सम्पादकीय

- आर्थिक वर्ष २०७८/७९ को वैशाखसम्म राजस्व परिचालन १३.८ प्रतिशतले वृद्धि भएको छ। संघीय सरकारी खर्च १०.२ प्रतिशतले वृद्धि भएको भएतापनि पूँजीगत खर्च अपेक्षितरूपमा बढ्न सकेको छैन। वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा १०.६ प्रतिशतले वृद्धि भएको छ।
- वैदेशिक व्यापारमा भारतसँग हुने व्यापारको हिस्सा बढेको छ। कुल वस्तु निर्यात र आयात दुवै वृद्धि भएको छ। निर्यातमा उल्लेख्य वृद्धि भएको भएतापनि आयात व्यापारको आकार ठूलो भएको कारण व्यापार घाटा बढेको छ। कुल व्यापारमा आयातको अंश करिब ९० प्रतिशत रहेको छ।
- व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ। कम्पनी दर्ता संख्यामा वृद्धि भएको छ। बीमाको दायरामा आएको जनसङ्ख्या बढेको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति बढेको छ।
- वैदेशिक रोजगारमा जाने कामदारको संख्या गत वर्षको तुलनामा उल्लेख्य वृद्धि भएको छ भने विप्रेषण आप्रवाहमा सुधार आएको छ। पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै घाटामा छन्। फलस्वरूप विदेशी मुद्रा सञ्चिति समेत घटेको छ। समग्रमा अर्थतन्त्रका बाह्य क्षेत्रका परिसूचकहरूमा परेको चाप कायमै छ।


**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा

सिंहदरवार, काठमाडौं


## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७८/७९ को वैशाख महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रू. ८ खर्ब २४ अर्ब ५४ करोडको तुलनामा १०.२ प्रतिशतले वृद्धि भई रू. ९ खर्ब ८ अर्ब ८६ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रू. ७ खर्ब १६ अर्ब ८७ करोड, पूँजीगत खर्च रू. १ खर्ब १८ अर्ब २७ करोड र वित्तीय व्यवस्था तर्फ रू. ७३ अर्ब ७१ करोड रहेको छ। यस अवधिको चालु खर्चमा १३.८ प्रतिशतले वृद्धि भएको छ भने पूँजीगत खर्चमा ६.० प्रतिशतले कमी आएको छ। वित्तीय व्यवस्था तर्फको खर्चमा ७.३ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको वैशाख महिनासम्मको खर्चको स्थिति (रू. करोडमा)**

| विवरण/आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| चालु | ५६७.८९ | ५३१.४३ | ५७२.१३ | ६३०.०५ | ७१६.८७ |
| पूँजीगत | १३५.२ | १२८.८६ | ११४.१२ | १२५.७७ | ११८.२७ |
| वित्तीय व्यवस्था | ५३.६५ | ४७.९४ | ७४.२४ | ६८.७२ | ७३.७१ |
| कुल | ७५६.७४ | ७०८.२३ | ७६०.४९ | ८२४.५४ | ९०८.८६ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको बैशाख महिनासम्मको कुल संघीय सरकारी खर्चमा असोज महिनामा खर्च प्रतिशत सबैभन्दा बढी १५.९ प्रतिशत रहेको छ भने कात्तिक महिनामा सबैभन्दा कम ५.८ प्रतिशत रहेको छ।

**तालिका (ख): चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल संघीय खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | ९५५.७५ | ९३.५ | ० | १०४९.२५ | ०.०१२ |
| भदौ | ४९०३.७३ | १६७.३७ | २८७३.२३ | ७९४४.३३ | ०.०८७ |
| असोज | १२७९२.८६ | १२२८.०६ | ४३७.८७ | १४४५८.७९ | ०.१५९ |
| कात्तिक | ४६९८.४५ | ५९०.२८ | १२.८२ | ५३०१.५५ | ०.०५८ |
| मङ्सिर | ८३८२.०९ | ७६१.१४ | ८०६.२८ | ९९४९.५१ | ०.१०९ |
| पुष | ८९०८.१४ | २२४०.४५ | ८१७.२८ | ११९६५.८७ | ०.१३२ |
| माघ | ६९२१.३८ | ९९८.१६ | ५१३.६५ | ८४३३.१९ | ०.०९३ |
| फागुन | ६२८१.१७ | १६३५.७२ | ५१०.३२ | ८४२७.२१ | ०.०९३ |
| चैत्र | ८७१५.३२ | २६६४.४३ | ५२५.११ | ११९०४.८६ | ०.१३१ |
| वैशाख | ९१२८.५८ | १४४७.८१ | ८७४.८१ | ११४५१.२ | ०.१२६ |
| जम्मा | ७१६८७.४७ | ११८२६.९२ | ७३७१.३७ | ९०८८५.७६ | १ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।


http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं. : ०१-४२११३२५

## राजस्व परिचालन

३. आर्थिक वर्ष २०७८/७९ को वैशाख महिनासम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रू. ७ खर्ब ६१ अर्बको तुलनामा १३.८ प्रतिशतले वृद्धि भई रू. ८ खर्ब ६५ अर्ब ७० करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रू. ७ खर्ब ९९ अर्ब ६६ करोड र गैरकर राजस्व रू. ६६ अर्ब ४ करोड रहेको छ। साथै यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रू. ९ खर्ब ८ अर्ब ४७ करोड भएको छ।

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको बैशाख महिनासम्मको राजस्व परिचालनको स्थिति (रू. करोडमा)**

| आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| कर | ५०७७० | ५८४९० | ५५१८७ | ७०९६२ | ७९९६६ |
| गैर कर | ५७६३ | ६३७७ | ५४९५ | ५१३८ | ६६०४ |
| कुल राजस्व | ५६५३३ | ६४८६७ | ६०६८२ | ७६१०० | ८६५७० |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको वैशाखसम्मको राजस्व असुलीको विवरण (रू. करोडमा)**


| कर शीर्षक | आ.व.२०७८/७९ वार्षिक लक्ष्य रू करोडमा | २०७७/७८ वैशाखसम्मको सङ्कलन | २०७८/७९ वैशाखसम्मको सङ्कलन | वैशाखसम्मको लक्ष्य | असूली (प्रतिशतमा) | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **२७,८९२.४०** | **१८,६५७.८६** | **२०,३१२.२८** | **२२,९८०.९५** | **८८.४** | **८.९** |
| **मूल्य अभिवृद्धि कर** | **३१,६३६.१०** | **२३,०९४.४९** | **२५,७५०.९४** | **२५,४४१.३७** | **१०१.२** | **११.५** |
| उत्पादन, बिक्री, सेवा | १३,६६७.३१ | ९,५३६.१४ | ९,०६०.६७ | १०,६०९.७८ | ८५.४ | (५.०) |
| पैठारी | १७,९६८.७९ | १३,५५८.३५ | १६,६९०.२६ | १४,८३१.५९ | ११२.५ | २३.१ |
| **अन्त:शुल्क** | **१८,२१६.७८** | **११,४१८.८५** | **१३,७७८.९५** | **१५,१६१.०९** | **९०.९** | **२०.७** |
| आन्तरिक उत्पादन | ११,०७६.५० | ६,९६५.४३ | ८,८७६.३९ | ८,८६२.८४ | १००.२ | २७.४ |
| पैठारी | ७,१४०.२८ | ४,४५३.४२ | ४,९०२.५६ | ६,२९८.२५ | ७७.८ | १०.१ |
| **शिक्षा सेवा शुल्क** | **१०१.००** | **३३.७२** | **८९.३९** | **८७.८९** | **१०१.७** | **१६५.१** |
| **आयकर** | **२८,९४९.९६** | **१७,७५६.९९** | **२०,०३४.१६** | **२२,४५७.५०** | **८९.२** | **१२.८** |
| आयकर | २५,५५०.४२ | १५,६८७.६६ | १७,७८८.४५ | १९,२६८.७३ | ९२.३ | १३.४ |
| ब्याज कर | ३,३९९.५४ | २,०६९.३४ | २,२४५.७१ | ३,१८८.७७ | ७०.४ | ८.५ |
| **कर राजस्व जम्मा** | **१०६,७९६.२५** | **७०,९६१.९१** | **७९,९६५.७१** | **८६,१२८.७९** | **९२.८** | **१२.७** |
| **गैर कर जम्मा** | **११,२६३.७९** | **५,१३८.४४** | **६,६०४.१२** | **७,५३६.२६** | **८७.६** | **२८.५** |
| **कूल राजस्व जम्मा** | **११८,०६०.०४** | **७६,१००.३५** | **८६,५६९.८४** | **९३,६६५.०६** | **९२.४** | **१३.८** |
| **अन्य प्राप्ति** | **-** | **३,६३२.४८** | **४,२७७.६४** | **-** | **-** | **१७.८** |
| **जम्मा राजस्व/प्राप्ति** | **११८,०६०.०४** | **७९,७३२.८३** | **९०,८४७.४७** | **९३,६६५.०६** | **९७.०** | **१३.९** |

स्रोतः अर्थ मन्त्रालय।


४. चालु आर्थिक वर्षको वैशाखसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर सङ्कलनमा केही कमी आएको छ भने अन्य सम्पूर्ण शीर्षकका कर राजस्वमा वृद्धि भएको छ। यस अवधिमा शिक्षा सेवा शुल्कमा उत्साहजनक वृद्धि देखिएको छ।

५. चालु आर्थिक वर्षको वैशाखसम्म कुल राजस्व लक्ष्यको ९२.४ प्रतिशत सङ्कलन भएको छ। वार्षिक लक्ष्यको तुलनामा चालु आर्थिक वर्षको वैशाख महिनासम्मको राजस्व सङ्कलन ७३.३ प्रतिशत पुगेको छ ।

**चार्ट (क): पछिल्लो २ आर्थिक वर्षको वैशाख महिनासम्म सङ्कलित राजस्वको संरचना**





२०७७/७८




२०७८/७९

६. चालु आर्थिक वर्षको वैशाखसम्म कुल राजस्व संकलनको संरचनामा सामान्य परिवर्तन आएको छ। चालु आर्थिक वर्षको बैशाख महिनासम्म कुल राजस्वमा अन्तशुल्क र गैरकरको हिस्सा वृद्धि भएको छ भने भन्सार महशुलको हिस्सा घटेको छ।

**चार्ट (ख): पछिल्लो ५ वर्षको बैशाख महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

७. आर्थिक वर्ष २०७७/७८ को बैशाख महिनासम्म २५.४ प्रतिशत रहेको राजस्व वृद्धिदर चालु आर्थिक वर्षको सोही अवधिमा १३.८ प्रतिशत मात्र रहेको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको बैशाख महिनासम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ६ खर्ब ७० अर्ब ८२ करोडको तुलनामा १३.६ प्रतिशतले वृद्धि भई रू. ७ खर्ब ६१ अर्ब ८१ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ९० अर्ब १८ करोडको तुलनामा १५.२ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ३ अर्ब ८८ करोड पुगेको छ।

## करको दायरा विस्तार

९. २०७९ वैशाखसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ४७ लाख ५८ हजार ८ सय ४९ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २९ लाख ६८ हजार ६ सय ७६ (६२.१ प्रतिशत), व्यावसायिक स्थायी लेखा नम्बर लिने १७ लाख ७४ हजार १९ (३७.६ प्रतिशत), र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर १६ हजार १ सय ५४ (०.३ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख १६ हजार ५ सय ८३ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १७ हजार ४ सय २० पुगेको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७८ असार मसान्त | आ.व. २०७७/७८ को बैशाखसम्ममा थप | आ.व. २०७८/७९ को बैशाखसम्ममा थप | २०७८ बैशाखसम्म |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १५८०३८० | २३४१४० | १९३६३९ | १७७४०१९ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | २४७५७५३ | ४६८१३४ | ४९२९२३ | २९६८६७६ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ९९९८ | ४०२८ | ६१५६ | १६१५४ |
| **जम्मा स्थायी लेखा नम्बर** | **४०६६१३१** | **७०६३०२** | **६९२७१८** | **४७५८८४९** |
| **मू.अ.कर** | **२९०७१४** | **३२७४५** | **२७२७०** | **३१७९८४** |
| **अन्तः शुल्क** | **१०४१८२** | **१७१९९** | **१३६७१** | **११७८५३** |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०७८/७९ को बैशाख महिनासम्म वैदेशिक सहायता प्रतिबद्धता गत आर्थिक वर्षको तुलनामा १०.६ प्रतिशतले वृद्धि भई रू. २ खर्ब २३ अर्ब ७८ करोड रहेको छ। यसमध्ये अनुदान सहायता रू. ८९ अर्ब १७ करोड र ऋण सहायता रू. १ खर्ब ३४ अर्ब ६१ करोड रहेको छ। वैदेशिक सहायता प्रतिबद्धतामा अनुदान र ऋणको अंश क्रमशः ३९.८ प्रतिशत र ६०.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिबद्धता रू. २ खर्ब २ अर्ब २८ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिबद्धतामध्ये युएसएआइडी, आई.एम.एफ, विश्व बैंक र एशियाली विकास बैंकबाट क्रमशः ३५.६ प्रतिशत, २०.९ प्रतिशत १७.४ प्रतिशत र १२.३ प्रतिशत रहेको छ।

१२. वैदेशिक सहायता प्रतिबद्धतामध्ये सबैभन्दा बढी बजेटरी सहायतामा ६९.२ प्रतिशत र सबैभन्दा कम खानेपानी तथा सरसफाई क्षेत्रमा १.४ प्रतिशत प्राप्त भएको छ।

**तालिका (च): आर्थिक वर्ष २०७८/७९ को बैशाख महिनासम्मको विकास सहायता प्रतिबद्धताको क्षेत्रगत अवस्था (रू. करोडमा)**

| क्षेत्र | अनुदान | ऋण | कुल | प्रतिशतमा |
|---|---|---|---|---|
| शिक्षा | २९१६.७६ | १२९२९.५० | १५८४६.२६ | ७.१ |
| उर्जा | ०.०० | ७१७०.०० | ७१७०.०० | ३.२ |
| खानेपानी तथा सरसफाई | ३२०६.५५ | ०.०० | ३२०६.५५ | १.४ |
| कृषि | ०.०० | ११६२२.७३ | ११६२२.७३ | ५.२ |
| कोभिड | - | १९६९७.७० | १९६९७.७० | ८.८ |
| स्वास्थ्य | - | ८०१९.५० | ८०१९.५० | ३.६ |
| वन तथा वातावरण | ३३३९.३५ | - | ३३३९.३५ | १.५ |
| बजेटरी सहायता | ७९७१०.०० | ७५१७०.३६ | १५४८८०.३६ | ६९.२ |
| जम्मा | ८९१७२.६६ | १३४६०९.७९ | २२३७८२.४५ | १००.० |

स्रोतः अर्थ मन्त्रालय

## वित्तीय क्षेत्र

१३. आर्थिक वर्ष २०७८/७९ को वैशाख महिनासम्म निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा क्रमशः ५.० प्रतिशत र १३.४ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा क्रमशः १४.३ प्रतिशत र २३.८ प्रतिशतले वृद्धि भएको थियो।

१४. २०७९ वैशाखसम्म ७५३ स्थानीय तहमध्ये ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ।

१५. २०७८ वैशाख मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १३८ रहेकोमा गाभिने प्रकृया मार्फत् २०७८ वैशाख मसान्तमा १२७ कायम भएको छ। २०७८ वैशाख मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या १०,५९८ रहेकोमा २०७९ वैशाख मसान्तमा यस्तो सङ्ख्या ११, ४५३ पुगेको छ।

## बीमा क्षेत्र

१६. चालु आर्थिक वर्षको वैशाख महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३६.६ प्रतिशतले वृद्धि भई १ करोड ४७ लाख १९ हजार ९ सय २३ पुगेको छ। जसमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ८४.० प्रतिशत र १६.० प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ७७.९ प्रतिशत र २२.१ प्रतिशत रहेको थियो।

१७. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको रू. १ खर्ब २३ अर्ब ५१ करोडको तुलनामा १४.६ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ४१ अर्ब ५९ करोड पुगेको छ।


१८. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७८.० प्रतिशत र २२.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको वैशाख महिनासम्म उक्त हिस्सा क्रमशः ८०.१ प्रतिशत र १९.९ प्रतिशत रहेको थियो।

१९. चालु आर्थिक वर्षको वैशाख महिनासम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ३९.१ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या २६.९ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२०. २०७८ वैशाख मसान्तमा २६८४.०९ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७९ वैशाख मसान्तमा २३५०.४३ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण १०.२ प्रतिशतले न्यून भई रू. ३३ खर्ब ४३ अर्ब ५८ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रू. ३७ खर्ब २४ अर्ब ५५ करोड रहेको थियो।


**चार्ट (ग): पछिल्लो ५ आर्थिक वर्षको वैशाखमसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२१. २०७९ वैशाख महिनाको ४ गते २३८५.६५ विन्दुमा रहेको नेप्से सूचकाङ्क उक्त महिनाको अन्तिम कारोवार भएको दिन वैशाख २९ गते २३५०.४३ विन्दु कायम भएको छ।

**चार्ट (घ): २०७९ वैशाख महिनाको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## समग्र मूल्य स्थिति

२२. २०७८ वैशाख मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ७.२८ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ३.१० प्रतिशत रहेको थियो।

२३. २०७८ वैशाखमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.४० प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ७.१८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ३.४९ प्रतिशत र २.७९ प्रतिशत रहेको थियो।

## बाह्य क्षेत्र

### वस्तु निर्यात

२४. आर्थिक वर्ष २०७८/७९ को दश महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको रू. १ खर्ब ८ अर्ब ४८ करोडको तुलनामा ५९.८ प्रतिशतको उच्च वृद्धि भई रू. १ खर्ब ७३ अर्ब ३५ करोड पुगेको छ। यस अवधिमा प्रशोधित पाम तेल, सूर्यमुखीको प्रशोधित तेल, सेन्थेटिक यार्न र जुटका बुनिएका कपडा लगायतका वस्तुको निर्यात उल्लेख्य वृद्धि भएको छ। भटमासको प्रशोधित तेल, फलफूलको जूस, तयारी कपडा, ऊनी गलैंचा (कार्पेट) लगायतका वस्तुको निर्यातमा समेत उच्च वृद्धि भएको छ। यस अवधिमा अलैंचीको निर्यात भने २९.५ प्रतिशतले घटेको छ।

२५. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ७९.१ प्रतिशत, ०.४ प्रतिशत र २०.५ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ७३.१ प्रतिशत, ०.८ प्रतिशत र २६.० प्रतिशत रहेको थियो।

२६. यस अवधिमा भारततर्फ भएको निर्यात ७२.९ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको निर्यात २४.९ प्रतिशतले कमी आएको छ।

**तालिका (छ): पछिल्लो दुई आर्थिक वर्षको वैशाख महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरूको तुलनात्मक स्थिति (मूल्य रू. करोडमा)**

| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **भटमासको तेल प्रशोधित** | ३५७५.३४ | ४५३५.२२ | २६.८ |
| प्रशोधित पाम तेल | ०.०४ | ३७९४.७४ | - |
| सेन्थेटिक यार्न | ६३६.८१ | १०१४.६१ | ५९.३ |
| उनी गलैंचा कार्पेट | ५९८.२० | ७७१.२५ | २८.९ |
| तयारी कपडा | ४३९.५६ | ५७६.८९ | ३१.२ |
| जुटका बुनिएका कपडा | ३५३.६६ | ५२१.८८ | ४७.६ |
| फलफुलको जुस | ३३५.८१ | ४६३.६३ | ३८.१ |
| सुर्यमुखिको प्रशोधित तेल | १७०.९९ | ४२९.८९ | १५१.४ |
| अलैंची | ५९९.११ | ४२२.२० | -२९.५ |
| जमोठ कपडा | ३३४.०८ | ३९६.८१ | १८.८ |
| अन्य | ३८०४.३० | ४४०७.५७ | १५.९ |
| **जम्मा** | १०८४७.९० | १७३३४.६९ | ५९.८ |

स्रोतः भन्सार विभाग ।

### वस्तु आयात

२७. चालु आर्थिक वर्ष २०७८/७९ को वैशाख महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको रू. १२ खर्ब ५४ अर्ब ११ करोडको तुलनामा २८.० प्रतिशतले वृद्धि भई रू. १६ खर्ब ४ अर्ब ६५ करोड पुगेको छ।

२८. चालु आर्थिक वर्षको वैशाख महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भ्याक्सिन, कच्चा पाम तेल, पेट्रोल, एलपी ग्यास, डिजेल, सुन लगायतका वस्तुको आयात उच्च दरले बढेको छ। यस अवधिमा एम.एस.बिलेटको आयात २४.२ प्रतिशतले घटेको छ।

२९. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६२.० प्रतिशत, १४.१ प्रतिशत र २३.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६५.० प्रतिशत, १४.६ प्रतिशत र २०.४ प्रतिशत रहेको थियो।

३०. यस अवधिमा भारत तर्फको आयातमा २२.० प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको आयातमा २३.८ प्रतिशतले वृद्धि भएको छ।

तालिका (ज): पछिल्लो दुई आर्थिक वर्षको वैशाख महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरूको तुलनात्मक स्थिति (मूल्य रू. करोडमा)


| | | | |
|---|---|---|---|
| **डिजेल** | **७०५६.६४** | **१२३७०.८९** | **७५.३** |
| पेट्रोल | २६८८.५१ | ५४८३.९६ | १०४.० |
| एल पि ग्यास | २९५१.७७ | ५२०१.०८ | ७६.२ |
| भटमासको तेल कच्चा | ३९४६.७२ | ४९४१.०२ | २५.२ |
| एम.एस.विलेट | ५७४८.११ | ४३५८.४८ | -२४.२ |
| मोवाइल टेलिफोन | ३२०९.२९ | ३६९४.१५ | १५.१ |
| सुन | २१२०.७० | ३५७७.२२ | ६८.७ |
| कच्चा पाम तेल | ५५२.५४ | ३४७४.४३ | ५२८.८ |
| एच.आर.सिट | २१३०.०९ | ३२३८.२५ | ५२.० |
| भ्याक्सीन (मानव उपचारका) | ३९७.०६ | ३२०६.२३ | ७०७.५ |
| कुल जम्मा | ३०८०१.४३ | ४९५४५.७१ | |
| अन्य | ९४६०९.६५ | ११०९१९.६० | १७.२ |
| **जम्मा** | **१२५४११.०८** | **१६०४६५.३१** | **२८.०** |

स्रोतः भन्सार विभाग ।

### व्यापार सन्तुलन

३१. आर्थिक वर्ष २०७८/७९ को वैशाख महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको रू. ११ खर्ब ४५ अर्ब ६३ करोडको तुलनामा २४.९ प्रतिशतले वृद्धि भई रू. १४ खर्ब ३१ अर्ब ३१ करोड पुगेको छ।


चार्ट (ड):पछिल्लो ५ आर्थिक वर्षको वैशाख महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति (रू. अर्बमा)




स्रोतः भन्सार विभाग

३२. विगत पाँच आर्थिक वर्षको वैशाख महिनासम्मको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७५/७६ मा वस्तु व्यापार घाटामा केही सुधार भए तापनि अन्य आर्थिक वर्षमा यस्तो घाटा वृद्धि भएको छ। चालु आर्थिक वर्षको वैशाख महिनासम्म निर्यातको वृद्धिदर आयातको तुलनामा उच्च भए पनि कुल वैदेशिक व्यापारमा आयातको हिस्सा उच्च भएकोले व्यापार घाटा उच्च दरले वृद्धि भएको हो।

**चार्ट (च): पछिल्लो ५ वर्षको वैशाख महिनासम्मको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग

३३. चालु आर्थिक वर्षको वैशाखसम्म कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः ९.७ प्रतिशत र ९०.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ८.० प्रतिशत र ९२.० प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३४. आर्थिक वर्ष २०७८/७९ को बैशाख महिनासम्मको कुल सेवा आय गत वर्षको सोही अवधिको संशोधित सेवा आय रू. ६६ अर्ब ४६ करोडको तुलनामा ३९.१ प्रतिशतले वृद्धि भई रू. ९२ अर्ब ४२ करोड पुगेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रू. १ खर्ब २६ अर्ब ४२ करोडमा ४३.७ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ८१ अर्ब ७३ करोड पुगेको छ।

३५. आर्थिक वर्ष २०७८/७९ को वैशाख महिनासम्म खुद सेवा आय रू. ८९ अर्ब ३१ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. ५९ अर्ब ९७ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३६. आर्थिक वर्ष २०७८/७९ को वैशाख महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ८ खर्ब १० अर्ब २६ करोडको तुलनामा ०.२ प्रतिशतले वृद्धि भई रू. ८ खर्ब ११ अर्ब ७९ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १९.२ प्रतिशतले वृद्धि भएको थियो।

३७. चालु आर्थिक वर्षको वैशाख महिनासम्म अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई २ लाख ७८ हजार २ सय ९८ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या ६८.४ प्रतिशतले कमी आई ६१ हजार २ सय २४ मा झरेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि भई २ लाख ३० हजार ४ सय ६६ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

३८. आर्थिक वर्ष २०७८/७९ को वैशाख महिनासम्ममा शोधनान्तर घाटा रू. २ खर्ब ८८ अर्ब ५० करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर बचत रू. ७ अर्ब ७५ करोड रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू. ५ खर्ब ४७ अर्ब ३६ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. २ खर्ब ५१ अर्ब २९ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

३९. आर्थिक वर्ष २०७८/७९ को वैशाख महिनासम्म विदेशी विनिमय सञ्चितिमा गत वर्षको सोही अवधिको रू. १३ खर्ब ९० अर्ब ८४ करोडको तुलनामा १७.५ प्रतिशतले कमी आई रू ११ खर्ब ४६ अर्ब ८८ करोड कायम भएको छ।

४०. आर्थिक वर्ष २०७८/७९ को वैशाख महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७.३४ महिनाको वस्तु आयात र ६.५७ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर


४१. २०७८ असार मसान्तको तुलनामा २०७८ वैशाख मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ ३.७१ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू. १२३.६३ पुगेको छ। २०७८ असार मसान्तमा उक्त विनिमय दर रू. ११९.०४ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४२. आर्थिक वर्ष २०७७/७८ को वैशाख महिनासम्म दर्ता भएका कम्पनीको संख्या २५,३३१ रहेकोमा चालु आर्थिक वर्षको वैशाख मसान्तमा यस्तो सङ्ख्या ९.८ प्रतिशतले वृद्धि भई २७,८०३ पुगेको छ।

**चार्ट (छ): पछिल्लो पाँच आर्थिक वर्षको वैशाख महिनासम्मको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)**




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय ।

### पर्यटक आगमन

४३. सन् २०२२ को मे महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या उल्लेख्य वृद्धि भई १ लाख ९० हजार ७ सय ३ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ५६ हजार ९ सय १५ रहेको थियो।

४४. सन् २०२२ को मे महिनासम्म पर्यटन क्षेत्रबाट प्राप्त भएको आयमा समेत उल्लेख्य वृद्धि भई रू २२ अर्ब ४५ करोड पुगेको छ। गत आर्थिक वर्षमा यस्तो आय ८९.२ प्रतिशतले कमी आई रू. ६ अर्ब २४ करोड प्राप्त भएको थियो।

## अन्य गतिविधिहरू

४५. मिति २०७९ वैशाख ५ गते अर्थमन्त्री जनार्दन शर्माले नेपाल उद्योग परिसंघका प्रतिनिधिसँगको छलफलमा नेपालको अर्थतन्त्र श्रीलङ्काको अर्थतन्त्रसँग तुलना हुन नसक्ने बताउनु भयो।

४६. मिति २०७९ वैशाख २० गते अर्थमन्त्री जनार्दन शर्माले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले काठमाडौंमा आयोजना गरेको प्रथम राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु भयो। सो क्रममा उहाँले अर्थतन्त्रको सबलीकरणका लागि मर्यादित र व्यवस्थित लेखापरीक्षण हुनुपर्ने बताउनु भयो।